# प्रश्न नं. ५

**त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः**
**(कक्षा रोल्नं.४८८ देखि ६०९ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

गोपीप्रसाद सिंह समेतको जाहेरीले नेपाल सरकार

बिरुद्ध

सिरहा जिल्ला धनगढीमाई नगरपालिका वडा नं. २ बस्ने उत्तमप्रसाद भट्टराइ समेत

मुद्दाः-ज्यान सम्वन्धी कसूर

१. मिति २०७५।८।२ गतेका दिन बिहान ७ बजेको समयमा सिराहा जिल्ला धनगढीमाई नगरपालिका वडा नं.२ स्थित २ नं.रोड देखि उत्तर धान खेतमा लोग्ने मानिसको मृतक लास छ भन्ने कुरा स्थानीय व्यक्तिहरुले भनेको हुँदा हामीहरु उक्त स्थानमा गई हेर्दा जिल्ला सिराहा लहान नगरपालिका .वडा नं. ७ बस्ने महेन्द्र नारायण सिंहको छोरा विनोदकुमार सिंहको मृतक लाश हो भन्ने बुझि लास चिनेको निज विनोदकुमार सिंहलाई मिति २०७५।८।१ गते राती को कसले कर्तव्य गरी मारेकोले अपराधीहरु पत्ता लगाई कारवाही गरिपाऊँ भन्ने प्र.स.नि. पुष्पबिक्रम मल्ल समेतको जाहेरी दरखास्त ।

२.सिराहा जिल्ला धनगढीमाई नगरपालिका वडा नं. २ स्थित २ नं.रोड देखि उत्तर भरत श्रेष्ठको घर देखि दक्षिण हरि दाहालको घर देखि पूर्व उत्तम भट्टराईको घर देखि पशिचम यति चार किल्ला भित्र लास रहेको, भरतको घर देखि १०० मिटर पूर्व चाइनिज ज्याकेट र लास छेउमा २ वटा खुकुरी रहेको र लासको नाकबाट केही तरल पदार्थ निस्किएको, बाँया हातको बुढी औंला १ इन्च लामो, साइली र कान्छी औंलामा खोस्रिएको घाउ बाँया काखी मुनि खोस्रिएको दाग भन्ने घटनास्थल तथा लास प्रकृति मुचुल्का ।

३.बिजुलीको करेन्ट लागेको कारणबाट विनोदकुमार सिंहको मृत्यु भएको हुन सक्ने (The cause of death is asphyxia due to electric burn, but that is not sufficient) भन्ने समेत व्यहोराको मृतक विनोदकुमार सिंहको लास जाँच प्रतिवेदन ।

४.महेश भन्ने रंजितकुमार पोखरेल र म जाहेरवालाको भाई विनोदकुमार सिंह क्याम्पसमा सँगै पढने साथी भएकोले १ अर्काको घरमा आउने जाने गर्दथे । उत्तमप्रसादको छोरी कोपिला र रंजित पोखरेल बिच भएको प्रेममा मद्दत गरेकोले उत्तमप्रसादले सो कुराको रिसइबी राखेको । मिति २०७५।८।२ गतेको दिन बिहान ७ बजेको समयमा भाइ विनोदकुमार सिंहको मृतक लास धनगढीमा मृत अवस्थामा फेला परेकोले को कसले भाई विनोदकुमार सिंहलाई मारेको हो भनी पत्ता लगाउँदै जाँदा मिति २०७५।८।१ गते राती ८।९ बजे २ नं.सडकमा रंजित, अंकित र भाई विनोदकुमार सिंह साथै रहेकोमा सोही दिन देखिनै महेश भन्ने रंजितकुमार पोखरेल फरार रहेको हुँदा अन्यायी उत्तमप्रसाद भट्टराईको घरसँग जोडिएको कुखुरा फर्मको नजिकै विनोदकुमार सिंहको लास फेला परेकाले अन्यायी महेश भन्ने रंजितकुमार पोखरेल, निजको सहयोगी मेलुवा आनन्द केशर भट्टराई, अंकितकुमार लामिछाने लगायत उत्तमप्रसाद भट्टराईको उक्त घटनामा प्रत्यक्ष संलग्न भई कर्तव्य गरी मारेको स्पष्ट भएको हुँदा निज अन्यायीहरुलाई पक्राउ गरी निजहरुबाट सम्पूर्ण कुरा खुलाउन लगाई हदै सम्म सजाय गरिपाऊँ भन्ने समेत व्यहोराको गोपीप्रसाद सिंहको मिति २०७५।८।४ गतेको जाहेरी दरखास्त ।

५.प्रतिवादी महेश भन्ने रंजितकुमार पोखरेलको घरको सुत्ने कोठा भित्र प्रवेश गरी हेर्दा निजले खटियामा पूर्व सिरानी गरी बिस्तारा लगाएको र सिरानी मुनी हेर्दा प्रतिवादी आनन्द केशरको बहिनी कोपिलाले मृतक विनोदकुमार सिंहलाई देवरजी भनी सम्बोधन गरी लेखिएको लेमिनेशन गरेको चिठ्ठी, सोही चिठ्ठीको फोटोकपी, कोपिलाले मेरो राजा भनी सम्बोधन गरी प्रतिवादी महेश भन्ने रंजितकुमार पोखरेललाई लेखेको लेमिनेशन गरेको चिठ्ठी, सोही चिठ्ठीको फोटोकपी, दुई मृतक विनोदकुमार सिंहले कोपिलालाई भाउजु सम्बोधन गरी लेखेको चिठ्ठी, रंजित पोखरेलले कोपिलालाई लेखेको चिठ्ठी २ प्रहरीले फेला पारी वरामद गरेको भन्ने मिति २०७५।८।५ गतेको बरामदि मुचुल्का ।

६.म काठमाडौंबाट आफ्नो घर आए पछि बहिनी कोपिला र रंजितको प्रेम भएको कुरा थाहा पाएँ । विनोदकुमार सिंह, रंजित लगायतका ८,१० जना मानिसहरु घर वरिपरि आई मेरो बहिनी कोपिलालाई भगाउने जस्ता कुराहरु गरेको । कोपिलाको र रंजितको प्रेमले गर्दा गाउँमा बेज्जति हुने डरले बहिनी कोपिलालाई लिई ०७५।७।३० गते बुवा काठमाडौं जानु भयो । निज महेश भन्ने रंजित पोखरेल सित बहिनी कोपिलासँग प्रेम गरेकोले मलाई रिस उठी राखेको थियो । कोपिलाले रंजितलाई राती आउन भनी बोलाएको छ भन्ने खबर अंकितकुमार मार्फत रंजितलाई सुनाएको थियो । सोही दिनको राती निज रंजितकुमार समेतका मानिसहरु आउँछन भन्ने पूर्णबिश्वास भएको हुँदा राती अं.९ बजे सो नागों तारमा करेन्ट छाडी म र अंकित दुवै जना साथै सुत्यौं । राती १ बजे आमाले ए नानी पानी पर्यो कुकुर पनि भुकि रहेका छन हेर त भनेकाले म र अंकित दुवै जना उठी बत्ति बाली हेर्दा सो तार छेउमा विनोदकुमार सिंह लडी रहेको रहेछ । सो लास हाम्रो जग्गा पट्टि रहेको हुँदा भोली हामीलाई अप्ठ्यारो पर्ला भन्ने उद्देश्यले अंकितले खुट्टामा र मैले टाउको तिर बोकी नजिकै रहेको अर्काको धान खेतमा लासलाई सारी दिएको हो । घटनास्थलमा फेला परेको खुकुरी हाम्रो होइन । ज्याकेट रंजितको हो, नांगो तार मैले नै खोली घरमा राखेको हो भन्ने समेत व्यहोराको प्रतिवादी आनन्दकेशर भट्टराईको मिति २०७५।८।७ गतेको प्रहरीमा गरेको बयान ।

७.कोपिला र रंजितको लगभग १ बर्ष पहिला देखि प्रेम सम्बन्ध थियो । कोपिला दिदि र रंजितको चिट्ठीहरु मैले आदान प्रदान गर्दथे । निजहरुको प्रेम समबन्धबारे मेरो मामा उत्तमप्रसादलाई पनि थाहा भएर कोपिला दिदिलाई गाली गरी पिटनु भयो । कोपिला दिदिलाई कुटेको कुरा रंजितलाई सुनाकोमा २०७५।७।२९ गते बेलुका रंजित, विनोदकुमार सिंह लगायतका अन्य नचिनेका ८,१० जना केटाहरु घर वरिपरि आई हल्ला खल्ला समेत गरी गए । भोली पल्ट मामा उत्तमप्रसाद र कोपिला काठमाडौंतर्फ गएका थिए । २०७५।८।१ गतेका दिन दिउसो अं.२ बजेको समयमा आनन्द केशर भट्टराईले अंकित हिजो बेलुका पनि रंजित र विनोदकुमार सिंह समेत हाम्रो घरमा बैनी कोपिलालाई देखेर आए, आज पनि आउँछन । तार फिट गरौं भनी कुखुरा पालन घरको उत्तर पश्चिम बाटोमा बाँस गाडी बेरि तारमा करेन्ट नछाडी तार फिट गर्यो । तँ रंजित पोखरेलको घरमा गएर कोपिला दिदिले बोलाएको छ । राती आउनु भन्नु भनी आनन्द केशरले सिकाएको हुँदा म रंजितको घरमा गै दिदीले बोलाएको छ भने । राती अं.९ बजेको समयमा फिट गरेको नाँगो तारमा करेन्ट छाडी दिएको हो । सोही करेन्टको पासोमा पारेको हो । राती १ बजे तिर रंजितको साथी विनोदकुमार सिंह भएको भन्ने थाहा भयो भन्ने समेत व्यहोराको प्रहरी समक्षको प्र. अंकितकुमार लामिछानेको बयान ।

# प्रश्न नं. ५

८.उत्तमप्रसादको छोरी कोपिला र मेरो प्रेम सम्बन्ध थियो । उक्त प्रेम सम्बन्धमा विनोदकुमार सिंहले पनि सहयोग गर्ने गर्दथे । प्रतिवादी अंकितकुमार लामिछानेले कोपिला दिदिलाई तिमीले प्रेम गरेको कुरा थाहा पाई मामा उत्तमले कोपिलालाई पिट्नु भयो भनी मलाई सुनाएको थियो । भोली पल्ट म र विनोदकुमार सिंह समेत कोपिलाको घरमा गयौं । हामी राती कोपिला भन्ने संजितालाई भगाउने उद्देश्यले गएका थियौं । केही छिन पछि काका अर्जुन पोखरेल आउनु भयो । के कुरा भयो मलाई थाहा भएन । हामी आफ्नो घरमा आयौं । प्रतिवादी अंकितकुमार लामिछाने मेरो घरमा आई कोपिला दिदिले बोलाएको छ । राती आउन भन्यो । निजले पहिला पनि कोपिला र मेरो चिठ्ठी आदान प्रदान गरेकाले कोपिला काठमाडौं गएकी रहिछन भन्ने पूर्ण बिश्वास भयो । राती म र विनोद अं.१२ बजे तिर कोपिलाको घरमा गयौं । जाँदा विनोद अगाडि म पछाडि थिए । एक्कासी भ्याट केही चिज झरे जस्तो आवाज आयो । म त्यही उभिए । निकै बेरसम्म बिनोद नआए पछि बिनोद भाग्यो होला भनी त्यही पक्रिने र बेइज्जत हुने डरले म पनि बिनोदलाई नहेरी भागी गएको हो । कोपिलाको घर जाँदा बिनोदले हातमा सानो खुकुरी बोकी गएको र मैले पनि खुकुरी बोकी गएको थिए । सानो खुकुरी भुवन मगरसँग मागी गएको थिएँ भन्ने समेत व्यहोराको प्रतिवादी रंजितकुमार पोखरेलले प्रहरीमा गरेको बयान ।

९.आनन्द केशर भट्टराईको कुखुरा पाल्ने घरको पश्चिम तर्फ सोही घरको ३ वटा खावोहरु रहेको पश्चिमबाट कुखुराको खोर तर्फ प्रवेश गर्ने बाटोमा एउटा बाँसको धोचो गाडी उक्त खामाहरु र बाँसको धोचोमा बेरी बिजुलीको तार तत्काल फिट गरेको भनी प्रतिवादीले देखाएको भन्ने समेत व्यहोराको मिति २०७५।८।९ को घटनास्थल प्रकृति मुचुल्का ।

१०.प्रतिवादी आनन्द केशर भट्टराइले बयानमा लेखाई दिए अनुसार उत्तमप्रसाद भट्टराईको कुखुरा पाल्ने घर भित्र प्रवेश गरी हेर्दा घरको पशिचम पट्टि कोठामा सिउरी तार राखेको र सो तार निकाली बास गाड्दा नाँगो जि.आई तार ३५ फिट लामो र सेतो कमर भएको वाइरिंग तार ९ फिट ४ इन्च लामो प्रहरीले फेला पारी वरामद गरेको भन्ने समेत व्यहोराको मिति २०७५।८।९ को बरामदि मुचुल्का ।

११.घटनास्थलमा फेला परेको खुकुरी मध्ये सानो खुकुरी तपाईको हो होइन भनी मेघबहादुर थापा मगरलाई सोधिएकोमा मलाई देखाएको सानो खुकुरी मेरो हो । मिति २०७५।८।१ गते मेरो भुवन मगरसँग रंजित पोखरेलले माँगी लगेको खुकुरी हो भनी मेघबहादुर थापा मगरले गरी दिएको मिति २०७५।८।१० गतेको सनाखत कागज ।

१२.मिति २०७५।७।२९ गतेका दिन बेलुका अं.७,८ बजेको समयमा मेरो भतिजो महेश भन्ने रंजित पोखरेल, उत्तमप्रसाद भट्टराईको घरमा गएका छन भन्ने कुराको जानकारी भए पछि म केटीको बाबुको घरमा गई महेश भन्ने रंजित र कोपिलाको प्रेम रहेछ । केही दिनु पर्यो केटा केटीको जोडी मिल्छ भन्दा उत्तमले दुई चार दिन पिछाडि हेरौला भनेको हुँदा म समेत घर फर्कि विनोद, रंजितको घर तर्फ गए भन्ने मिति २०७५।८।११ गतेको अर्जुनकुमार पोखरेलेको ठाडो कागज ।

१३.महेश भन्ने रंजित पोखरेल र छोरी कोपिलाको प्रेम छ भन्ने जानकारी भए पछि सोही दिन बेलुका छोरीलाई गाली गरेको । १०७५।७।२९ गते बेलुका विनोद र रंजित समेतका केटाहरु घर वरिपरि आएर हल्ला खल्ला गर्न थाले, महेशका काका अर्जुन पोखरेलले मलाई तपाईको छोरी कोपिला र मेरो भतिजो रंजितको गहिरो प्रेम भयो । बिवाह गरी दिऔं भनी केही दिन पछि विचार गरौला भनेर मैले भन्दा निजहरु गए । भोली पल्ट छोरी र हामी काठमाडौं गएकोले वारदात हुँदा राति ०५।७५।१ काठमाडौंमा भएकोले निज विनोदकुमार सिंहलाई मार्नेमा मेरो केही षडयन्त्र र संलग्नता छैन । मलाई टेलिफोन गर्दा घटनाको बारेमा जानकारी भयो भन्ने प्रतिवादी उत्तमप्रसाद भट्टराईको मिति २०७५।८।१२ को प्रहरीमा गरेको बयान ।

१४.प्रहरीले बरामद गरेको चिठ्ठीहरु मेरो हुने वाला देवरजी विनोद भन्ने व्यहोरा गरेको चिठ्ठी मैले लेखेको हो र सोही चिठ्ठी फोटोकपी थान २ समेत चिने, रंजित मेरो राजा भनी लेखिएको चिठ्ठी मैले रंजितलाई लेखेको चिठ्ठी हो । सोही चिठ्ठीको फोटोकपी थान २ समेत देखे भनी कोपिला भन्ने संजिताकुमारी भट्टराईले गरी दिएको मिति २०७५।८।१५ गतेको चिठ्ठी सनाखत कागज ।

१५.महेश भन्ने रंजितकुमार पोखरेल मेरो ८,९ महिना अगाडि देखि प्रेम सम्बन्ध भएको हो । हामीहरुको प्रेममा मृतक विनोदकुमार सिंहले सहयोग गर्ने गर्दै थिए र विनोदकुमार सिंह मार्फत नै महेश भन्ने रंजित पोखरेलसँग चिनजान भै चिठ्ठी आदान प्रदान गर्थे । प्रेम गरेको कुरा घर परिवारमा थाहा भई मिति २०७५।७।२९ गतेका दिन बेलुका बुवाले मलाई साधारण गाली गर्नु भयो । विनोदकुमार सिंह, रंजित समेतका केटाहरु मिति २०७५।७।३० गते साँझ हाम्रो घरमा आई हल्ला खल्ला गरे भोली पल्ट विहान बुवा र म काठमाडौं गयौं । काठमाडौं पुगे पछि भोली पल्ट हामी बसेको घरको टेलिफोन नं. ०१-४७४-२४५ मा धनगढी नैनपुर गई बस्ने सालीग्रामले टेलिफोन गरेकोले बुवा ट्याक्सीबाट आफ्नो घर आउनु भएको भन्ने कोपिला भन्ने संजिता भट्टराईको मिति २०७५।८।१५ को कागज ।

१६.मृतक विनोदकुमार सिंहको भिसेरा जाँच गर्दा बिष सेवन गरेको पाइएन भन्ने केन्द्रिय प्रहरी बैज्ञानिक प्रयोगशाखाको पत्र र परीक्षण प्रतिवेदन भएको ।

१७.मिति २०७५।८।१ गतेका दिन बिहान मृतक विनोदकुमार सिंहको लास देखेको, उक्त लास आनन्द केशरको घर छेउमा रहेको थियो । तर निजलाई को कसले मार्यो थाहा भएन भन्ने बुझिएका व्यक्तिहरु रामकुमार यादव, गणेशबहादुर कार्की, सुरेशकुमार साह, लालबहादुर कार्कीको व्यहोरा र आनन्द केशरको घरमा मिति २०७५।७।३० गते राति हल्ला भएको र केटाहरु समेत बोलेको आवाज सुनेको हुँदा निज विनोदकुमार सिंहलाई निज आनन्द केशर भट्टराईको कर्तव्यबाट मृत्यु भएको भन्ने बुझिएको असर्फीप्रसाद सिंह, भोला महतो र धर्मनाथ महतोले गरी दिएको मिति २०७५।८।२० को बस्तुस्थिति मुचुल्का ।

१८.प्रतिवादी आनन्द केशर भट्टराईको बहिनी कोपिलासँग प्रेम सम्बन्ध भएकोले सो कार्यमा मृतकले सहयोग गरेको हुँदा प्रतिवादी आनन्दले रिसइवी लिई प्रतिवादी अंकित समेत भै बिजुलीको तारको पासो थापेको, प्रतिवादी उत्तमप्रसाद भट्टराइले पनि सोही प्रेम सम्बन्धको रिसइवी लिएको भनी किटानी जाहेरी परेको र निज प्र.उत्तमको घर छेउमा लास फेला परेको देखिएकोले निज उत्तमप्रसादले समेत मृतकलाई मार्नमा षडयन्त्र गरी मार्न लगाएको र मृतकको मृत्यु करेन्ट लागेर नै भएको कुरा पोष्टमार्टम रिपोर्ट लगायत बस्तुस्थिति मुचुल्का समेतका कागजातबाट पुष्टि भएको देखिंदा प्र.आनन्द केशर भट्टराइ एवं अंकितकुमार लामिछाने र उत्तमप्रसाद भट्टराईले मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(१) अनुसारको कसूर गरेको तथा प्र.रंजितकुमार पोखरेलको हकमा घटनास्थलमा आवाज आए पछि मृतकलाई बचाउने प्रयास नगरेको र मृतकको लुगा फाटा निज रंजितको घरबाट वरामद भएको आदी कारणहरुले गर्दा प्र.महेश भन्ने रंजितकुमार पोखरेलले

# प्रश्न नं. ५

पनि ऐ. संहिता अनुसारकै कसूर गरेको हुँदा चारै जना प्रतिवादीहरुलाई सोही संहिताको दफा १७७(२) अनुसार सजाय गरी पाउ भन्ने समेत व्यहोराको अभियोग पत्र ।

१९.प्रतिवादीहरुको अदालतमा गरेको ईन्कारी बयान । २०.सिराहा जिल्ला अदालतको फैसला । २१.उच्च अदालतमा चढाएको पुनरावेदन पत्र ।